स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

''हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपानाऔं''

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



राष्ट्रिय अवार्ड विजेता दिनेश राउतको निर्देशनमा तयार भएको फिल्म 'पूजार सार्की' लामो समयदेखि स्टारकास्टका कारण चर्चामा छ । फिल्ममा पहिलोपटक तीन अभिनेताहरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह एकसाथ देखिँदैछन् । यसबीच, शनिबार पलको पनि पात्र लुक्स सार्वजनिक गरिएको छ । उनी काँधमा बन्दुक भिरेर खोलाको बगरमा हिँडिरहेको देखिएका छन् । शिरमा भादगाउँले टोपी र आँखामा चश्मा लगाएका उनले आधा बाहुला भएको कोट, सर्ट र पाइन्ट पहिरिएका छन् । उनको हुलियाले खलपात्रको संकेत गर्छ ।

**आजको विचार...**



पूर्ण ओली

आयुर्वेदे...
(दुई पेजमा)

(दुई पेजमा)



'फर्की फर्की'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । फिल्मका अभिनेता अनमोल केसीको जन्मदिन पार र शनिबार सार्वजनिक पोस्टरमा उनलाई मात्र स्थान दिइएको छ । एउटामा सोचमग्न देखिएका उनी अर्कोमा कतै हिँडिरहेका देखिन्छन् ।

❑ वर्ष २९ ❑ अंक २४१ ❑ २०८० चैत १८ गते आइतबार 31 March 2024, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### राष्ट्रपतिको घरमा छापा

(रासस/एएफपी)

**लिमा,** चैत १७/भ्रष्टाचारको अनुसन्धानका क्रममा पेरूका राष्ट्रपति डिना बोलुआर्टेको घरमा शनिबार अधिकारीहरूले छापा मारेका छन् ।

एएफपीले प्राप्त गरेको प्रहरी दस्तावेजअनुसार बोलुआर्टेले घोषणा नगरेका रोलेक्स घडीको खोजी गरिरहेको उक्त छापामा करिब ४० जना अधिकारी परिचालित गरिएको छ । प्रहरीले घडी 'खोजी र जफत गर्ने उद्देश्यले' छापा मारेको पुष्टि गरेको छ । बोलुआर्टेले विदेशी उत्पादनको विलासी घडी लगाएको बारेमा रिपोर्ट प्रकाशित गरेपछि अधिकारीहरूले यस महिनाको सुरूमा अनुसन्धान सुरु गरेका थिए तर यसलाई सार्वजनिक रूपमा घोषणा गरिएको थिएन ।

प्रहरी र अभियोजकको कार्यालयबीचको संयुक्त अभियान शनिबारको छापा स्थानीय टेलिभिजन च्यानल ल्याटिनामा प्रसारण गरिएको थियो । डिसेम्बर २०२२ मा पूर्व राष्ट्रपति पेड्रो क्यास्टिलोले कग्रेसलाई भङ्ग गर्न र आदेशको भरमा शासन गर्ने प्रयास गरेपछि बोलुआर्टेले राष्ट्रपतिको जिम्मेवारी पाएका थिए ।

## परमानन्द बाल-वृद्ध कल्याण संघको भेला

# मानव सेवा भन्दा ठूलो धर्म अरू केही छैन : सांसद राना

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत १७/लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले मानव सेवा भन्दा ठूलो धर्म अरु केही नभएका बताएका छन् । शनिबार परमानन्द बाल-वृद्ध कल्याण संघ पाल्पाको स्थानीय तह भेला तथा प्रथम अधिवेशनलाई तानसेनमा सम्बोधन गर्दै उनले मानव सेवा भन्दा ठूलो धर्म केही नभएको बताएका हुन् ।

'मानवताको निम्ति, असहाय, वृद्धवृद्धा, बालबालिकाहरूको निम्ति सेवा गर्नुभन्दा ठूलो धर्म केही पनि छैन,' सांसद रानाले भने । असहाय बालबालिका र वृद्धवृद्धाहरुको क्षेत्रमा संघले खेलेको भूमिका महत्वपूर्ण रहेको भन्दै उनले यो नै ठूलो धर्म रहेको उल्लेख गरे । उनले मानवताका लागि गरिएका अभियानले ठूलो धर्म कमाएको भन्दै





मानव सेवामा लाग्ने जो कोही पनि सबैको लागि प्रिय पात्र बन्ने बताए । संघले चालेको मानवता प्रवर्द्धनको महाअभियानलाई सबैले साथ दिनुपर्नेमा समेत सांसद रानाले जोड दिए । कहिलेकाहीँ मानवता नै कतै ओझेलमा पर्ने गरेको त छैन भन्ने चिन्ता व्याप्त रहने गरेको भन्दै उनले मानव भएपछि मानवता देखाउन जरुरी रहेको बताए । मानव भएपछि मानवको सेवा गर्नुनै सबैभन्दा ठूलो पुण्यको काम भएको सांसद रानाले उल्लेख गरे । उनले भने 'दु:खी, गरिब, सहयोगको अपेक्षा गरेका व्यक्तिको सहयोग गर्नु नै मुख्य धर्म हो, यसमा सबै लाग्नुहोस् ।' रानाले जेष्ठ नागरिक समाजका पथप्रदर्शक रहेकाले उनीहरुलाई सम्मान गर्नुपर्छ भन्ने कुरा सिकाउनु अहिलेको आवश्यकता रहेको पनि औंल्याए । उनले वृद्धवृद्धाहरुलाई खुसी राख्न सके मात्र परिवार सुखी र समृद्ध बन्ने धारणा व्यक्त गरे । सांसद रानाले भने 'अहिले जताततै परिवारमा बेखुसी, असुन्तुष्ट देखिन्छ, परिवारलाई सन्तुष्ट राख्न आफ्ना बूढा भएका बाबु आमालाई सुखी राख्न सक्नुपर्छ ।' सेवाले नै मानिसलाई आनन्द प्राप्त हुने उनले बताए । 'राजनीति गर्नेहरुले आनन्द प्राप्त गर्न निकै गाह्रो छ । जति बेला आफुहरुले गरेको निर्णय र आम नागरिकलाई परेका समस्या समाधान हुन्छ तब मात्र आनन्द प्राप्त हुन्छ 'सांसद रानाले भने 'व्यापारीले दिनभरी व्यापार गर्छ, साँझ पैसा गनेर आनन्द लिन्छ तर राजनीति गर्नेहरुलाई दिनभर गरेका कामले सार्थकता प्राप्त गरेन भने रातीमा आनन्दले निन्द्रा लाग्दैन ।' उनले जेष्ठ नागरिकको अनुभव र ज्ञान, सिप अनुसरण गर्न पनि सबैलाई आग्रह गरे । संघका संस्थापक अध्यक्ष हिराधर आचार्यले असहाय बालबालिका र वृद्धवृद्धाहरुको उत्थान गर्ने उद्देश्यले संघ स्थापना गरिएको बताए । २०७० सालमा स्थापना भएको संस्थाले असहाय बालबालिका र ६० वर्ष भन्दा माथिका नागरिकका लागि असल शिक्षा दिर्दै आएको संस्थाका अध्यक्ष शिवप्रसाद देवकोटाले बताए । उनले भने 'हामीले हेप्पी होमको अवधारणा अनुरुप समाजमा रहेका असहाय बालबालिका र जेष्ठ नागरिकहरुलाई घरमै कसरी खुसी राख्न सकिन्छ भन्ने खालका शिक्षावर्दक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छौं ।' विद्यालय तहमै पुगेर विद्यार्थीहरुलाई आफ्ना आमा बाबा, असहाय भाईबहिनीहरुलाई माया, सद्भाव प्रकट गर्न आग्रह गर्ने गरेको उनले बताए । अध्यक्ष देवकोटाले छोराछोरीका कारण बाबुआमा वृद्धआश्रम जान नपरोस् भनेर छोराछोरी र जेष्ठ नागरिकसँग बसेर आवश्यक शिक्षा, सल्लाह र परामर्श दिर्दै आएको समेत बताए । उनका अनुसार संघले जेष्ठ नागरिकलाई भजनकिर्तन गराउने, मनोरञ्जन प्रदान गर्ने र बालबालिकाहरुलाई बाबु आमाको सेवा सत्कार गर्नु पर्छ भन्ने शिक्षा दिन विद्यालय तहमा पुगेर वक्तृत्वकला, हाजिरीजवाफ जस्ता कार्यक्रम गर्दै आएको छ । कार्यक्रममा मानव अधिकार तथा शान्ति समाजका केन्द्रीय वरिष्ठ उपाध्यक्ष कृष्णबहादुर रावल, तानसेन नगरपालिका-७ का वडा अध्यक्ष प्रदीप खनाल, नागरिक समाजका अगुवा तथा समाजसेवी चित्रवलीराम सुवाल, तानसेन-४ की वडा सदस्य सीता बस्नेत, तानसेन -२ की वडा सदस्य मञ्जु रणपाल लगायतले आ- आफ्ना धारणा राखेका थिए । संघका अध्यक्ष शिवाप्रसाद देवकोटाको अध्यक्षता, उपाध्यक्ष सरितादेवी भण्डारीको स्वागत, सहसचिव रमेशबहादुर बोहोराको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# त्रिशूलीमा ट्याक्सी खस्दा पाँचको मृत्यु



**चितवन,** चैत १७/काठमाडौँबाट गोरखातर्फ आउँदै गरेको ट्याक्सी त्रिशूलीमा नदीमा खस्दा पाँच जनाको मृत्यु भएको छ । दुर्घटनामा एक पुरुष, तीन महिला र एक बालकको मृत्यु भएको चितवन जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरीका अनुसार ज्यान गुमाउनेहरूमा चालक गोरखा नगरपालिका-७ का ३२ वर्षीय अर्जुन सिर्मल, ट्याक्सीमा सवार ४१ वर्षीया हरिमाया रोका, ७० वर्षीया जुनकिरी रोका, २९ वर्षीया अन्जना रोका र ९ वर्षीय बालक आगमन उपरकोटी रहेका छन् । उनीहरू सबै एकै परिवारका रहेको बुझिएको छ । बेपत्ता भएका १८ वर्षीय दिवश रोकाय भने हालसम्म फेला नपरेका प्रहरीले जनाएको छ । उनको खोजी कार्य भइरहेको जनाइएको छ । गोरखा नगरपालिका-७ का शंकर रोकाको उपचारको क्रममा निधन भएपछि उनीहरू अन्तिम संस्कारका लागि काठमाडौं पुगेका थिए । शुक्रबार पशुपति आर्यघाटमा दाहंस्कार गरी फर्कने क्रममा ट्याक्सी दुर्घटनामा परेको पारिवारिक स्रोतले जनाएको छ । शनिबार बिहान ७:१५ बजे चितवनको इच्छाकामना गाउँपालिका-५ स्थित पृथ्वी राजमार्गको सिमलधारा नजिक बा२ज ४१९६ नम्बरको ट्याक्सी सडकबाट त्रिशूली नदीमा खसेको हो । ट्याक्सीमा सवार ६ मध्ये पाँच जना मृत भेटिएका छन् । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# जेसिजद्वारा साइबर सुरक्षाबारे विद्यार्थीलाई सचेतना

**पाल्पा,** चैत १७/नेपालमा बढिरहेको साइबर सुरक्षाबारे विद्यार्थीहरुलाई सचेतन गराइएको छ । पाल्पा जेसिज वर्ष २०२४ ले तानसेनमा रहेको मिलेनियम सेकेण्डरी स्कुलमा कक्षा ११/१२ मा अध्ययनरत विद्यार्थीहरुलाई साइबर सुरक्षाबारे जानकारी गराई सचेतना गराएको हो ।





प्रविधिको प्रयोगबाट हुने गरेको साइबर अपराधबाट बच्न विद्यार्थीलाई सहयोग पुग्ने उद्देश्यले जिल्ला प्रहरी कार्यालय पाल्पाको सहकार्यमा कार्यक्रम गरिएको जेसिजका अध्यक्ष जेसी अर्जुन कार्कीले बताए । उनले भने,'पछिल्लो समय युवा युवतीहरुमा साइबर अपराधका घटनाहरु बढ्दो रहेको छ । त्यसलाई न्यूनीकरण गर्नका लागि पहिले विद्यार्थीहरूमार्फत सचेतना कार्यक्रम गर्न जरुरी ठानेर हामीले कार्यक्रम सञ्चालन गरेका हौं ।' कार्यक्रममा पाल्पा जेसिजका पूर्व अध्यक्ष तथा पूर्व राष्ट्रिय उपाध्यक्ष जेसी शैलेन्द्र भट्टराले साइबर अपराध नियन्त्रण गर्न साइबर सचेतनामा जोड दिनुपर्ने उल्लेख गरे । उनले प्रहरीसँगको सहकार्यमा जेसिजले सचेतना कार्यक्रम गरेर प्रशंसनिय कार्य गरेको बताए । पाल्पा उद्योग वाणिज्य सघंका अध्यक्ष तथा प्रमुख अतिथि समेत रहेका भट्टराईले साइबर अपराधको निशानामा सबैभन्दा बढी किशोरकिशोरी परेकाले साइबर सचेतना अभियान क्याम्पस तहमै सञ्चालन गर्न जरुरी रहेको धारणा व्यक्त गरे । उनले भने,'बृहत् अभियानकै रुपमा सचेतना कार्यक्रम लैजान आवश्यक छ ।' सूचना प्रविधि आयआर्जनको महत्वपूर्ण आधारका रुपमा स्थापित हुँदै गए पनि त्यसको सही सदुपयोग नहुँदा समस्या उत्पन्न भएको अध्यक्ष भट्टराईको भनाई छ । उनले कार्यक्रममा सिकेका कुराहरु व्यवहारमा उतार्दै अरुलाई समेत जानकारी गराउन सहभागी विद्यार्थीहरुलाई आग्रह गरे । विशिष्ट अतिथि जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र चन्दले पछिल्लो समय युवायुवतीहरुमा बढ्दो साइबर अपराध देखिएको र त्यसलाई न्यूनीकरण गर्न विद्यार्थीहरू नै सचेत हुनुपर्ने बताए ।

...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विद्यार्थीको भविष्यमाथि खेलवाड गर्नेलाई कारवाही होस्

पटक-पटक विद्यार्थीको भविष्यमाथि खेलवाड हुँदै आएको छ । विगतदेखि नै विभिन्न लापरवाही र खेलवाडको केन्द्र बन्दै आएको त्रिभुवन विश्वविद्यालय आफ्ना कर्तुतहरू मार्फत् चर्चामा रहन्छ ।

उसले कहिले प्रश्नपत्र दोहोऱ्याएर, कहिले प्रश्नपत्र एउटा विषयको हुनुपर्नेमा अर्कै विषयको तथा अर्कै सत्रको प्रश्नपत्र उपलब्ध गराएर विद्यार्थीको भविष्य माथि खेलवाड गर्दै आएको छ । परीक्षा केन्द्र निर्धारणदेखि प्रश्नपत्रमा समेत खेलवाड गर्दै त्रिविले पटक-पटक नालायकीपन देखाएको छ । अहिले फेरी स्नातक तह पहिलो वर्षको जनसंख्या विषयका १८३ थान उत्तरपुस्तिका हराएको समाचार आएको छ । उत्तरपुस्तिका हराएकै कारण गत वैशाखमा सञ्चालित स्नातक तह पहिलो वर्षको पूरै नतिजा प्रकाशन हुन सकेको छैन । उत्तरपुस्तिका हराएपछि परीक्षा नियन्त्रण कार्यालय अब फेरी परीक्षा लिने तयारीमा छ । गत वर्ष पनि व्यवस्थापन संकायअन्तर्गत बीबीएस चौथो वर्षको एक विषयको उत्तरपुस्तिका हराएपछि पुनः परीक्षा लिइएको थियो । यसपालि पनि जनसंख्या विषयको पुनः परीक्षा दिनुपर्ने भएपछि स्नातक तह पहिलो वर्षका विद्यार्थीले नतिजाका लागि अझै कैयौं महिना कुर्नुपर्ने हुन्छ । पुनः परीक्षाले विद्यार्थीको थप समय लिन्छ, हैरानी पनि दिन्छ, अर्कातिर विश्वविद्यालयको व्ययभार पनि बढ्छ । उत्तरपुस्तिका परीक्षणमा लापरवाहीको गुनासो वर्षौंदेखि कायमै छ । नतिजा प्रकाशन यति ढिलो हुन्छ कि कुनै वर्ष त विद्यार्थीले परीक्षा दिएको डेढ वर्षपछि नतिजा पाउन्छन् । प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालनदेखि नतिजा प्रकाशन र लब्धांकपत्र वितरणसम्मको जिम्मा परीक्षा नियन्त्रण कार्यालयलाई छ । यही जिम्मेवारी निर्वाहमा परीक्षा नियन्त्रण कार्यालय यति लापरबाह छ कि प्रश्नपत्र मै त्रुटि हुने, परीक्षार्थीको उत्तरपुस्तिका हराउने, उत्तरपुस्तिका जाँचमा जथाभावी हुने जस्ता घटना दोहोरिरहेका छन् । यस्ता कमजोरीले लाखौं विद्यार्थी प्रभावित भइरहँदा सुधारका लागि न परीक्षा नियन्त्रण कार्यालय, न आफैं विश्वविद्यालय नै गम्भीर देखिन्छन् । यस्ता समस्या समाधानमा त्रिविले गम्भीरता नदेखाउनु पनि उदेककै विषय हो । परीक्षा प्रणालीमा यस्तो हेलचेक्र्याइँ त्रिविका लागि लज्जाको विषय हुनुपर्ने हो । परीक्षार्थीको उत्तरपुस्तिकाको सुरक्षा व्यवस्था मजबुत बनाउनुपर्छ । उत्तरपुस्तिका जाँचलाई पनि प्रश्नरहित बनाउनुपर्छ । कहीकतै लापरवाही भए सम्बन्धितलाई तुरुन्तै कारवाही गर्नुपर्छ । यस्तो भयो भने आफ्नो जिम्मेवारी निर्वाहमा हरेक व्यक्ति सजग हुन्छ । यसर्थ प्रश्नपत्र र उत्तरपुस्तिकामा कमजोरी गर्ने जो कोहीलाई अनुसन्धानको दायरामा ल्याई कानुनी कारवाही गर्न जरुरी छ ।

## Opinion @ Social Network

जब बाध्यताका ढोका खोलिन थाल्छन्,
तब रहर अनि सपनाका झ्यालहरु आफै बन्द हुँदा रहेछन् ।
*(अम्मर जोसीको फेसबुक स्टाटस https://www.facebook.com/ammar.joshi.10)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आयुर्वेद औषधिलाई प्रोत्साहन गरौं



**पूर्ण ओली**

> **नेपालको एउटा आयुर्वेद अस्पताल नरदेविको आज नाजुक अबस्था छ । सिंहदरवार बैद्य खानाको हालत पनि उही छ । यस्ता आयुर्वेदका अस्पताल तथा क्लिनीक आज देशभर संचालन हुनुपर्छ । जसमा हाम्रा देशका जडिबुटी प्रयोग हुन्छन् । आज कतिपय ठूला रोगको उपचारको लागि यस्तै जडिबुटीबाट बनाइएका औषधिबाट बिरामी निको भएका पाइन्छ । अझै हाम्रा गाउँ घरमा परम्परागत चिकित्सा तथा जडिबुटीको प्रयोगद्वारा बिरामीको उपचार भइरहेको छ । अहिले भारतमा आयुर्वेद उपचार र आधुनिक पद्धतिको उपचार एल्लोप्याथीलाई समान रुपमा हेरिन थालिएको छ । साथै आयुर्वेद उपचारमा पनि अपरेशन गर्न स्वीकृति प्राप्त भइसकेकोछ । हामी भने देशमा उत्पादित भएका जडिबुटी बिदेश निकास गरेर त्यहाँ बनाइएका आयुर्वेद औषधि महँगोमा खरिद गरेर उपयोग गर्न बाध्य छौ । आज बिकसित देशले पनि यस्ता जडिबुटी उत्पादित औषधि प्राकृतिक चिकित्साको रुपमा प्रयोग गरिरहेका छन् । यदि हामीले हाम्रा जडिबुटीको सदुपयोग गर्दै यसको संकलन र यसबाट बनाइएका औषधि उत्पादनलाई प्रोत्साहन गर्न सफल भइएमा देशले ठूलो आम्दानी गर्न सक्छ ।**

नेपाल जडिबुटीको भण्डार भएको देश हो । संसारका सबभन्दा अग्लो हिमालय पर्वतदेखि अग्ला अग्ला महाभारत पहाड केही तल चुरेका पहाड अनि समथर मैदान तथा प्रसस्तै जंगल साथै विविध हावापानी भएको देश हो नेपाल । यहाँ बाह्रै महिना बग्ने हिमाली नदीदेखि बिशाल ताल तलैया, झर्ना, सिमसारलगायत प्रकृतिले दिएको उर्बर भूमि छ । यहाँ सबै किसिमका बोट बिरुवादेखि अत्यन्त महत्वपूर्ण जडिबुटी प्रशस्तै पाइन्छ । भनिन्छ यहाँ संजिवनी बुटी पनि छ। रामयणको कथामा उल्लेख भए अनुसार लक्ष्मणलाई बाँण लागि मराणासुन्न अबस्थामा पुगेको बेलामा हनुमानले यही हाम्रो हिमालयबाट जडिबुटी सहितको पहाड लिएर गएका थिए । जुन पहाडमा भएको संजिवनी बुटिबाट लक्ष्मण बाँच्न सफल भएको कुरा हामीले हाम्रा महत्वपूर्ण धर्मशास्त्र रामायणमा पढ्न पाइन्छ । परापूर्व कालमा असंख्य ऋषिमुनिहरुले यसै ठाउँमा बसेर तपस्या गर्ने, त्यही जंगलको जडिबुटी खाएर आफू बाँच्ने र अरुलाई बचाउन जडिबुटीको प्रयोग गरिएका कुरा हामीले सुन्दै आएका छौं । खप्तडमा ५० औं वर्ष तपस्या गरेर त्यहाँ भएका जडिबुटी चिनेर त्यसबारेमा राम्रो ज्ञान प्राप्त गरेका खप्तड बाबा बारेमा हामीले सुनेका छौं ।

२०४५-४६ साल तिर महेन्द्रनगरमा यो पंक्तिकारले उहाँसँग साक्षात्कार गर्ने अवसर पाएको थियो । उहाँ १०० वर्ष भन्दा माथि पुगेर पनि उहाँको अनुहारमा देखिने कान्ती, रातो पिरो अनुहार हेर्दा उहाँ कसरी जंगलको ओढारमा बसेर पनि यस्तो राम्रो स्वस्थ्य रहनु भयो होला जस्तो लाग्थ्यो । यस्ता जडिबुटीको बारेमा राम्रो जानकार राख्ने हाम्रा विद्वान आयुर्वेदका बिज्ञ तथा डक्टर पनि धेरै छन् । पतञ्जलि योगका गुरु रामदेव र उहाँका साझेदार बालकृष्णले चलाएको कम्पनिका जडिबुटी औषधि आज संसारभर प्रख्यात छन् । जसबाट अरबौंको आम्दानी गर्न उनीहरु सक्षम भएका छन् । नेपालको एउटा आयुर्वेद अस्पताल नरदेविको आज नाजुक अबस्था छ । सिंहदरवार बैद्य खानाको हालत पनि उही छ । यस्ता आयुर्वेदका अस्पताल तथा क्लिनीक आज देशभर संचालन हुनुपर्छ । जसमा हाम्रा देशका जडिबुटी प्रयोग हुन्छन् ।

आज कतिपय ठूला रोगको उपचारको लागि यस्तै जडिबुटीबाट बनाइएका औषधिबाट बिरामी निको भएका पाइन्छ । अझै हाम्रा गाउँ घरमा परम्परागत चिकित्सा तथा जडिबुटीको प्रयोगद्वारा बिरामीको उपचार भइरहेको छ । अहिले भारतमा आयुर्वेद उपचार र आधुनिक पद्धतिको उपचार एल्लोप्याथीलाई समान रुपमा हेरिन थालिएको छ । साथै आयुर्वेद उपचारमा पनि अपरेशन गर्न स्वीकृति प्राप्त भइसकेकोछ । हामी भने देशमा उत्पाादित भएका जडिबुटी बिदेश निकास गरेर त्यहाँ बनाइएका आयुर्वेद औषधि महँगोमा खरिद गरेर उपयोग गर्न बाध्य छौ । आज बिकसित देशले पनि यस्ता जडिबुटी उत्पादित औषधि प्राकृतिक चिकित्साको रुपमा प्रयोग गरिरहेका छन् । यदि हामीले हाम्रा जडिबुटीको सदुपयोग गर्दै यसको संकलन र यसबाट बनाइएका औषधि उत्पादनलाई प्रोत्साहन गर्न सफल भइएमा देशले ठूलो आम्दानी गर्न सक्छ । हाम्रो सरकारले देशभरमा उपचारको लागि एल्लोप्याथीसँगै आयुर्वेद अस्पताल र क्लिनिकलाई प्रोत्साहन गर्दै गाउँ गाउँसम्म पुऱ्याउन सके हाम्रा धेरै नेपालीले सर्ब सुलभरुपमा उपचार पाउन सक्ने थिए । हामीले आयुर्वेदको लागि छुट्टै अनुसन्धान केन्द्र, विश्वविद्यालय बनाउन आबश्यक छ । स्वास्थ्य मन्त्रालयले आधुनिक चिकित्सासँगै आयुर्वेदलाई महत्व देओस । स्वदेशमा उत्पादित आयुर्वेदलाई सदुपयोग गर्न सकिएमा स्वास्थमा हुने धेरै खर्च कम हुनुको साथै हाम्रो रकम बिदेशीनबाट जोगिन सक्छ ।

हाम्रा पुर्खाहरुले परम्परागत औषधि उपचार गरिरहेकोमा आधुनिक उपचारको कारण अहिले ती उपचार हराउँदै गएका छन् । अब हामीले हाम्रा परम्परागत औषधि, आयुर्वेद औषधिलाई सरकारले राम्रो नीति बनाएर निजी स्तरलाई पनि सहुलियत दिएर प्रोत्सहान गर्न अत्यावश्यक छ । गाँजा खेतीलाई पनि औषधिको रुपमा प्रयोग गर्ने गरि यसलाई बैधता दिनुपर्छ । जुनकुरा बिकसित देशहरुले गरिरहेका छन् । डा. बि पि तिमल्सिनाको भनाइमा लोकल रक्सीमा पनि बिभिन्न किसिमका मर्चा मिसाएर औषधिको रुपमा प्रयोग गर्न सकिन्छ । त्यसैले हाम्रा गाउँ घरमा बनाइने लोकल रक्सीमा आबश्यक मर्चा मिलाएर बिभिन्न रोगको उपचार गर्ने गरि त्यसलाई ब्राण्ड गर्न जरुरी छ । पहिला केही सांसदले पनि लोकल रक्सीलाई ब्राण्ड गर्ने प्रस्ताव पनि संसदमा गर्नु भएको थियो ।

यदि यसलाई हामीले कानूनी रुपमा मान्यता दिन सकिएमा यसबाट धेरै गरिब नेपालीको जीवनस्तर सुधार हुने थियो । झन् गाँजा खेतीलाई मान्यता दिन सकिएमा लाखौं गरिब किसानको उद्दार हुने मात्र होइन राष्ट्रलाई अरबौं डलरको बिदेशी रकम आम्दानी हुने थियो । त्यसैले सरकारले जडिबुटी लगायत आयुर्वेदलाई प्रोत्साहन गरेर देशलाई गरिबबाट धनी बनाउन सकिन्छ । हामीले बिदेशबाट आयुर्वेदको औषधिलाई आयत गर्ने होइन, निर्यात गर्नुपर्छ । यसपछि हाम्रो ब्यापार घाटा पूरा घट्ने छ । त्यसैले हामीले परम्परागत औषधिलाई पनि प्रयोग गर्नुपर्छ । जुन औषधियुक्त जडिबुटी हाम्रा डाँडाकाँडा, जंगल, तराइ जतासुकै पाइन्छ । धेरै बिदेशीले नेपालको जडिबुटी, परम्परगत औषधिको महत्व बुझेका छन् । तर हामीले यस्को महत्व बुझ्न सकेनौं । हामीले खाइरहेका आधुनिक औषधिले प्रशस्तै साइड इफेक्ट भइरहेको हुन्छ । जसले बिभिन्न थरीका डरलाग्दो रोगहरु निस्कइ रहेका हुन्छन् । जडिबुटीबाट निर्मित आयुर्वेदका औषधिले साइड इफेक्ट अत्यन्त न्युन हुन्छ । एल्लोप्याथीको औषधि खाँदा जिन्दगिभर खानु पर्ने हुन्छ भने जडिबुटीबाट निर्मित औषधिले पूरा रोग निको हुने कुरा पनि आयुर्वेद बिज्ञ डा. बिपि तिमिल्सिनाले बताउनु भएको छ । त्यसैले हामीले आधुनिक औषधिको कारण हाम्रा परम्परागत औषधिलाई हेला गर्दा हामी धरै मर्कामा पर्दै गएका छौं । त्यसैले यसलाई सुधार गर्दै आधुनिक चिकित्सासँगै प्राकृतिक चिकित्सा तथा आयुर्वेदलाई पनि सँगै अघि बढाउनु पर्छ । देशको अबस्था परिबर्तन गर्न, जनताको स्वास्थ्यमा सहयोग पुऱ्याउन र दुर्गम गाउँसम्म जनताको सेवा गर्न पनि देशका बिभिन्न स्थानमा उत्पादन हुने महत्वपूर्ण जडिबुटीलाई आधार बनाइ जडिबुटी खेती, संकलन केन्द्र, औषधि उद्योग तथा कमसेकम सबै जिल्लामा आयुर्वेदिक अस्पताल खोलियोस् । एउटा आयुर्वेदको मेडिकल कलेज पनि सरकारले संचालन गर्नुपर्छ, जहाँबाट डाक्टर र नर्सको पढाइ सञ्चालन होस् । यसका लागि आवश्यक शिक्षक स्वदेशबाट निकाल्न ल्याउन सकिन्छ । केही नपुग भएमा भारतबाट पनि ल्याउन सकिन्छ । अहिलेको सरकारले जडिबुटी र आयुर्वेद औषधिमा ध्यान दिँदै यसको बजेट बढाउन र विस्तृत योजनासहित आयुर्वेदलाई सहयोग र प्रोत्साहन गर्न सकेमा देशको हित हुने र यो सरकारको छवि पनि केही सुनि सक्नेछ । **-डिसी नेपाल डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । | **तुला** : लक्ष्य पहिल्याउन सकिनेछ । समाज सेवामा मन लाग्ने छ । |
| **वृष** : आफन्त र मित्रवर्गको सहयोग पाइने नै छ । साङ्गीतिक क्षेत्रमा रुचि बढ्नेछ । | **वृश्चिक** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अल्छीपना पनि बढ्नेछ । |
| **मिथुन** : मिष्ठान्न भोजनको अवसर प्राप्त हुनेछ । प्रेम जीवन पनि सफल रहनेछ । | **धनु** : लाभदायी यात्रा हुनेछ । अरुलाई प्रभावित पारेर काम पनि बन्ला । |
| **कर्कट** : स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु नै उचित हुनेछ । | **मकर** : अधुरा कामहरू पुरा हुनेछन् । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । |
| **सिंह** : लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । स्वादिष्ट भोजन पाइएला । | **कुम्भ** : आँटेको र ताकेको कार्य पुरा होला । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** : रमाइलो यात्राको योग रहेको छ । आफन्तबाट सहयोग प्राप्त हुनेछ । | **मीन** : आम्दानीको तुलनामा खर्च ज्यादा रहनेछ । खर्च जोगाउनु नै राम्रो हुनेछ । |

# कृषि

## अदुवा खेतीले बढायो किसानको आम्दानी



पछिल्लो समय इलाममा अदुवाखेती विस्तार हुँदै गएको छ । अदुवाखेतीले यहाँका किसानको जीवनस्तरमा परिवर्तन ल्याउन थालेपछि खेती विस्तार भएको हो । किसानले व्यावसायिक रुपमा अदुवाखेती गरी मनग्य आम्दानी गर्न सफल भएका छन् । परम्परागत शैलीको अदुवाखेतीबाट आधुनिकीकरण हुन थालेपछि उत्पादन र आम्दानीमा वृद्धि भएको किसानको भनाइ छ । इलामको फाकफोकथुम गाउँपालिका-४ फुएतप्पाका रत्न लिम्बूले गत वर्ष अदुवा बेचेर रू १२ लाख आम्दानी गरेका थिए । अदुवा ‘बच्चा’ प्रतिमन ‘४० किलो’ रू आठ हजारका दरले एक सय ५० मन बेचेका थिए । ‘गत वर्ष अदुवाको मूल्य राम्रो पाइयो, त्यसैले आम्दानी पनि मनग्य भयो’, उनले भने, ‘अदुवाको बजार र माग प्रशस्त भएकाले बिक्री गर्न समस्या छैन ।’ उनले गत वर्ष १० रोपनी जमिनमा अदुवाखेती गर्दा दुई सय १० मन उत्पादन भएको जानकारी दिए । करिब ६० मन बीउका लागि राखेर एक सय ५० मन बिक्री गरेको लिम्बूले बताए । यस वर्ष पनि खेती विस्तार गरेकाले उत्पादन पनि वृद्धि भएको उनको भनाइ छ । पन्द्र रोपनीमा ६० मन बीउ राप्दा करिब तीन सय ५० मन उत्पादन भएको उनले बताए । ‘यस वर्ष तीन सय ५० मन उत्पादन भएको छ । अहिलेसम्म बिक्री भने गरेको छैन’, लिम्बूले भन्ने, ‘अझ भाउ बढ्ने आशामा नबेची राखेको छु, गत वर्षकै भाउ चल्यो भने रू २८ लाख हाराहारी आम्दानी हुनेछ ।’ उनले अदुवा बिक्रीबाट आएको आम्दानीले आफ्नो दैनिक घरव्यवहार खर्चका साथै छोराछोरीको पढाइ खर्च व्यवस्थापन गर्दै आएको बताए । ‘पाँच जना परिवारको घरखर्च र छोराछोरीको पढाइ यहीँ अदुवाखेतीले धानेको छ’, उनले भन्ने । फुएतप्पाकै किसान रामु गिरीले अदुवाखेतीबाट वार्षिक रू १२ लाख आम्दानी गर्दै आएको बताए । एक सय ५० देखि दुई सय मनसम्म अदुवा उत्पादन गर्दै आउनुभएका गिरीले पछिल्लो समय भाउ राम्रो आएकाले आम्दानी बढेको बताए । ‘विगत तीन वर्षयता अदुवाले भाउ राम्रै पाइरहेको छ,’ उजले भन्ने, ‘यही भाउ स्थिर रहिरहने हो भने किसानको आम्दानीको मुख्य स्रोत अदुवा बन्न सक्छ ।’ माङसेबुङ गाउँपालिका-२ का उदय सङबाङफेले यस वर्ष अदुवा बेचेर रू तीन लाख ३३ हजार हात परेको बताए । पछिल्लो वर्ष व्यावसायिक अदुवा खेती गर्दै आएका उनले अदुवाको बजार र माग राम्रो भएकाले विदेश जान छोडेर व्यावसायिक अदुवा खेतीमा जुटेको बताए ।

यस वर्ष मुख्य उत्पादनको सुरुदेखि नै अदुवाले राम्रो भाउ पाएपछि किसान उत्साहित भएका छन् । जिल्लामा उत्पादित अदुवा झापाको धुलाबारीमा अहिले प्रतिमन रू सात हजारदेखि रू आठ हजार सम्ममा बिक्री भइरहेको छ । इलाममा प्रतिमन रू छ हजारको दरमा किनबेच भइरहेको इलाम उद्योग वाणिज्य सैका अध्यक्ष कृष्ण पौडेलले बताए । ‘अहिले यहाँ अदुवाको सरदर मूल्य रू छ हजार छ । यो मूल्य विगत तीन वर्षकै उच्च हो, ’ उनले भन्ने, ‘सिजनको अन्त्यमा सधैँ नै भाउ राम्रो आउँछ, यो वर्ष पनि बढ्न सक्छ । भाउ बढेपछि किसान अदुवा खेतीप्रति आकर्षित हुन थालेका छन् ।’ जिल्लाका किसानले १० मनदेखि दुई सय मनसम्म अदुवा रोप्ने गरेका छन् । अदुवा बढी उत्पादन हुने क्षेत्रका किसानले धान र अन्य खेती छाडेर यसलाई बढाएका पौडेलको भनाइ छ । अरू खेतीको दाँजोमा अदुवाखेतीबाट नाफा बढी हुने भएकाले किसान यसप्रति आकर्षित भएका उनले बताए । माउ अदुवाको मुख्य उत्पादन कात्तिकको पहिलो सातादेखि सुरु हुन्छ । मुख्य उत्पादनको बिक्री जेठसम्म हुने गर्दछ । जिल्लाको व्यापारिक केन्द्रहरु इलामसँगै बिब्ल्याँटे, मंगलबारे, गजुरमुखी, चतुरे, माङसेबुङ, फिक्कल, पशुपतिनगर, तीनघरे, बोल्बुङ, हर्कटे, दानाबारीलगायत बजारमा बढी मात्रामा अदुवा किन बेच हुने गर्दछ । जिल्लाको मुख्य नगदेबालीका रुपमा गरिने अदुवाखेती इलामका प्राय : सबै पालिकाका किसानले गर्दै आएका जिल्ला स्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । समुद्र समतबाट नौ सयबाट एक हजार पाँच सय मिटरसम्म अदुवाखेती गर्न उपयुक्त मानिने केन्द्रका निमित्त प्रमुख रामजुगल यादवले बताए । उनका अनुसार यहाँका किसानले ठूलो ‘भैंसे’, मझौला र साना गरी तीन किसिमका अदुवाखेती गर्ने गरेका छन् । इलाममा तीन हजार दुई सय २५ हेक्टर क्षेत्रमा व्यावसायिक अदुवाखेती हुँदै आएको केन्द्रका निमित्त प्रमुख यादवले जानकारी दिए । उनका अनुसार गत वर्ष जिल्लामा ५० हजार नौ सय ५५ मेट्रिक टन अदुवा उत्पादन भएको केन्द्रसँग तथ्याङ्क छ । मसलाका रुपमा प्रयोगमा आउने यसको खपत पूर्णरुपमा भारतीय बजारमा हुने गरेको छ । पूर्वी नाका काँकडभिट्टा हुँदै भारत पश्चिम बङ्गालको नकसल पुऱ्याएर व्यापारीहरुले अदुवा बेच्ने गरेका छन् । अदुवाको मूल्य बढेसँगै गाउँगाउँमा पुगेर किन्ने व्यापारी बढेका छन् । ती साना व्यापारीहरुले गाउँमा नै गएर किनेको अदुवा जिल्लाको ठूला व्यापारीमार्फत झापाको धुलाबारी पुऱ्याएर बेचने गरेका किसान बताउँछन् । *-रासस*

## सिँचाइ व्यवस्थासँगै चैते धान हराभरा



केही वर्ष अघिसम्म पश्चिम चितवनका जमिन आकासे खेतीमा निर्भर थिए । कतिपय क्षेत्रमा सिँचाइ नहुँदा ती स्थान बाँझै हुन्थे जुन ‘लाखु टाँडी’ भनेर चिनिन्थे ।

भरतपुर-२५ का छविलाल न्यौपाने उहिलेको लाखु टाँडीमा अहिले चैते धान ।रोप्न थालेको बताउन्छन् । उनले भन्ने, ‘पहिले यहाँ तीन बिघा जमिन हुने, एक कठ्ठा घोल खेत हुनेभन्दा गरिब गनिन्थे ।’ कतिपयले त विवाह गरेर छोरी दिनुपर्दा टाँडी जमिन हुनेलाई दिनसमेत हिच्किचाउने गरेको उनि बताउँछन् । उनले भन्ने, ‘कुनै बेला सिँचाइ अभावमा खेती नहुने पश्चिम चितवनका टाँडीमा बोरिङसँगै खेती हराभरा हुन थालेको छ ।’ भरतपुर महानगरपालिका-२७ नयाँपटिहानीका जीवन महतो मध्याह्न खेतमा पानी पटाउन तल्लीन हुन्थ्यो । उनले करिब दुई बिघा क्षेत्रफलमा लगाएका धान खेतीलाई सिँचाइका लागि बोरिङ सञ्चालन गरेर पानी पटाउँदै थिए । उनले भने, ‘सिँचाइका कारण अहिले हाम्रो जीवनमा नै परिवर्तन आएको महसुस गरेका छौँ ।’ सिँचाइ भएसँगै यस क्षेत्रमा बिगौँबिघा धानखेती गर्न किसान आकर्षित भएको उनले बताए । स्थानीय किसान हठन महतो पहिला दुई बाली मात्रै लगाइने आफ्नो जमिनमा तीन बाली खेती गर्न थालेको बताउन्छ । सिँचाइको समस्या हुँदा आकासे पानीको भरमा धान, मकै, तोरीजस्ता बाली लगाउँदै आएको बताउने उनि अहिले आफ्नो १० कठ्ठा जग्गामा चैते धानखेती गरिरहेका छन् । विगत केही वर्षदेखि सिँचाइको व्यवस्था गरेर चैते धान लगाउन थालेको उनले बताए । सिँचाइ सुविधा भएपछि यस क्षेत्रका किसानले धानसँगै तरकारी खेती गर्न थालेको उनले बताए । उनले भन्ने, ‘सिँचाइले गर्दा हाम्रो आय आर्जनमा सहयोग पुगेको छ ।’ स्थानीय किसान महतो अहिले दुई बाली धान । एक बाली तोरी । फापर लगाउने गरेको बताए । सुक्खा क्षेत्रका रूपमा । यस क्षेत्रमा सिँचाइको व्यवस्थासँगै पश्चिम चितवनको भरतपुर महानगरपालिकाका बासिन्दामा उत्साह थपिएको उनले बताए । भरतपुर महानगरपालिका, चितवन भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजना, कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालगायतले सिँचाइको व्यवस्था गरेपछि यहाँको खेती प्रणाली नै फेरिएको हो । भरतपुर महानगरपालिका प्रमुख दाहालले आफू पहिलोपटक प्रमुख भएपछि थालिएको पहिलो महत्त्वपूर्ण काम सिँचाइ भएको बताउन्छिन् । पश्चिम चितवनका कतिपय टाँडी भूभागमा किसानलाई सिँचाइ अभाव भएको गुनासो आएपछि निरन्तर सिँचाइ अभियानमा जुटेसँगै यहाँको कृषि प्रणालीमा परिवर्तन ल्याउन सकेको उनि बताउन्छिन् । आफू प्रमुख भएर आएपछि सात हजार बिघामा थप सिँचाइ भएको उनको दाबी छ । भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजना आफ्नै पहलबाट भरतपुरमा आएको भन्दै उनले तत्कालीन समयमा चितवन । झापाबाट सो कार्यालयले काम सुरु गरेको बताईन । उनले भनिन्न्, ‘म पहिलोपटक निर्वाचनमा उम्मेदवार हुँदा पश्चिम चितवनका सुक्खा क्षेत्रका मतदाताले सिँचाइ माग गर्दै आएका थिए । त्यो क्रमश : पूरा हुँदै गएको छ ।’ यकिन तथ्याङ्क नभए पनि नेपालमा छोटो समयमा धेरै क्षेत्रमा भूमिगत सिँचाइ भरतपुरमै भएको महानगरप्रमुख दाहालले बताईन् । हिउँदमा पनि सिँचाइ गर्न नारायणी लिफ्ट आयोजनामा रु २९ करोड भन्दा बढी खर्च गरेर पम्प थप्ने काम भइरहेको उनले जानकारी दिईन् । महानगरले विगत तीन आर्थिक वर्षमा साना सिँचाइका लागि चार सय ७८ वटा बोरिङ । मझौला सिँचाइका लागि ५५ वटा बोरिङ किसानलाई वितरण गरेको छ । यसबाट किसान प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । चितवन भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजनाले जिल्लामा दुई हजार तीन सय ९१ हेक्टर क्षेत्रफल सिँचाइ गरेको छ । कार्यालयका सूचना अधिकारी अमरसिंह ।राईका अनुसार भरतपुर महानगरपालिकामा मात्रै एक हजार पाँच सय ८७ हेक्टर क्षेत्रफल सिञ्चित हुने आयोजना सञ्चालनमा आइसकेका छन् ।*-रासस*

## म्याग्दीमा मह सिकार सुरु



म्याग्दीका जिल्लाका भिर पहरामा मह सिकार सुरु भएको छ । अन्नपूर्ण, रघुगङ्गा र धवलागिरि गाउँपालिकाको लेकाली क्षेत्रका भिरबाट मह निकाल्न थालिएको हो ।

अन्नपूर्ण गाउँपालिका-७ टिकोटका मह सिकारी दीपक पुनले मह सिकारका लागि दोसल्ले भिर आएको बताए । ‘बैँसीका भिरबाट सुरु हुने मह सिकार गर्दै असारमा लेकको पहाडमा पुग्छौँ’, उनले भन्ने, ‘सातजनाको समूह मह सिकारका लागि निक्लिएका छौँ ।’ मह सिकारीले डोरीको सहायताले भिर मौरीको गोला भएको देख्दै डरलाग्दो भिरमा झुण्डिएर मह निकाल्ने गर्दछन् । भिरमह खाँदा जति स्वादिलो र रसिलो हुन्छ यसलाई निकाल्न भने अत्यन्तै जोखिम मोल्नुपर्ने हुन्छ । भिरमा भिरमौरीले लगाएका गोला काट्नका लागि मह सिकारी डोरी ‘पराङ’ मा झुन्डिएर मह सिकार गर्ने गर्दछन् । वसन्त र शरद् ऋतु मह शिकारका लागि उपयुक्त समय मानिन्छ । वसन्त ऋतुमा बैँसी र शरद्मा लेकमा पुगेर भिरमह निकाल्न उपयुक्त समय हो । दोसल्लेको भिरमा तीन दिनदेखि मह सिकार गरेको दीपकको समूहले ४० लिटर मह निकालेका छन् । प्रतिलिटर रु तीन हजार पाँच सयका दरले भिरमह बिक्री हुने गर्छ । मह निकाल्नका लागि भिरको माथिल्लो भाग र तल्लो भागमा दुई समूहमा सिकारी बाँडिएका हुन्छन् । एक समूहले भिरको माथिबाट तल भुइँसम्म डोरी ‘स्थानीय भाषामा परङ’ झुन्ड्याउँछन् भने भिरको तलपट्टि रहेको अर्को समूहले मह थाप्ने र स्याहार्ने गर्दछन् । महको चाका वरिपरि माहुरी घेरिएर बसेका हुन्छन् । धुवाँ लगाइदिएपछि मौरी भाग्छन् । त्यतिबेला मह निकाल्न विशेष ध्यान पुऱ्याउनु पर्छ । जब परङमार्फत गएका सिकारीले गोलामा धुँवा फोस्न सुरु गर्छन् माहुरीले टोक्ने डरले वरपरका सबै सिकारी रूख र ओडारमा लुक्छन् । माहुरी अन्यत्रै भागेपछि मात्र उनीहरुलाई बाहिर आएर मह निकाल्न सजिलो हुने गर्छ । मुख्य सिकारीले हतियार प्रयोग गरी निकालेको महको भाँडालाई डोरीको सहायताले भुइँसम्म ल्याउने गरिन्छ । स्वादिलो, स्वास्थ्यका लागि हितकर र शक्तिवर्द्धक हुनाका साथै धार्मिक कार्यका लागि पनि प्रयोग हुने भएकाले भिरमहको माग बढेको छ । *-रासस*

## कुचोको मूल्य घटेपछि किसान समस्यामा



इलामको माङसेबुङ गाउँपालिका-२ माकाहाङका किसान उदय सङबाङफेले गत साल रु तीन लाख ९० हजारको कुचो बिक्री गरे । संयुक्त परिवारमा बस्दै आएका उनको १७ जनाको परिवारलाई घरखर्च चलाउन ठिकै भयो । उनले प्रतिकिलो रु एक सय ३० का दरले ३० क्विन्टल कुचो बेचेका थिए ।

यस वर्ष पनि पोहोर जस्तै कुचोबाट आम्दानी हुने आशाले सङबाङफेले खेतीयोग्य जमिन मासेर अम्रिसो लगाएका थिए तर कुचोको मूल्य घट्यो । ३० क्विन्टल कुचो बिक्री गर्दा राम्रो भाउ आएन । ‘यतिबेला प्रतिकिलो रु ६० देखि रु ६५ मात्र छ, खेताला लगाएको पारिश्रमिक पनि नउठ्ने भएपछि गोदाममा नै थन्क्याएर राखेको छु,’ उनले भन्ने, ‘अलि भाउ आउँछ कि भनेर पर्खेको तर भाउ आएन, यो साल घरखर्च टार्न समस्या हुने भयो ।’ माकाहाङकै अर्का किसान रणबहादुर लिम्बू समस्या पनि उदयको भन्दा फरक छैन । गुजारा चलाउने माध्यम अम्रिसो खेतीलाई बनाएका लिम्बूको परिवार अहिले कसरी घरव्यवहार चलाउने भन्ने चिन्तामा छ । गत वर्ष प्रतिकिलो रु एक सय २० का दरले १२ क्विन्टल कुचो बेचेका उनले यस वर्ष प्रतिकिलो रु ७० ले मात्र कुचो बेचे । कुचोबाट आम्दानी हुने आशाले खेतीयोग्य जमिनमा अम्रिसो रोपेका उनलाई कुचोले भाउ नपाएपछि चिन्ताले पिरोलेको छ । उनीहरु प्रतिनिधि किसान मात्र हुन् । यस वर्ष कुचोले राम्रो मूल्य नपाएपछि उनिहरुजस्ता जिल्लाका प्राय : सबै किसानलाई गुजारा चलाउन समस्या परेको छ । विगतका वर्षमा अम्रिसोबाट उत्पादन हुने कुचोको मूल्य उच्च रहेकाले इलामका अधिकांश किसानले खेतीयोग्य जमिन मासेर अम्रिसो रोपेका थिए तर यस वर्ष कुचोको मूल्य घटेपछि किसानमा निराशा छाएको छ । गत वर्ष प्रतिकिलो रु एक सय २० देखि रु एक सय ३० सम्ममा किनबेच भएको कुचो अहिले प्रतिकिलो रु ६५ मा मात्र किनबेच भइरहेको माङसेबुङ गाउँपालिका-५ का व्यापारी जसहाङ साउदेनले बताए । यो मूल्य गत वर्षको तुलनामा ५० प्रतिशतले कमी हो । भाउ घटेकै कारण किसानबाट किनेको कुचो बिक्री नगरी गोदाममै थन्क्याएर राख्न बाध्य भएको साउदेनले बताए । ‘यस वर्ष सुरुमा ‘ए ग्रेड’ कुचोको भाउ प्रतिकिलो रु ७० देखि ७५ सम्म चल्यो । मैले पनि सोही भाउमा किसानबाट कुचो किने तर अहिले भाउ घटेर प्रतिकिलो रु ६५ मा झऱ्यो,’ उनले भने, ‘करिब आठ सय क्विन्टल कुचो गोदाममै थन्क्याएर राखेको छु । यस वर्ष कुचोले किसान मात्र होइन व्यापारीलाई समेत घाटा लगाएको छ ।’ जिल्लामो अलैँची खेती मासिने क्रम बढेपछि अधिकांश किसानले अम्रिसो लगाएका थिए । पाखो र भिरालो जमिन भए पनि सप्रिने अम्रिसो अलैँचीको वैकल्पिक खेती बनेको थियो । अम्रिसो खेती इलामका प्राय : सबै पालिकामा हुने गर्छ । इलाममा उत्पादित कुचो झापाको धुलाबारीमा सङ्कलन गरी काकटभिट्टा हुँदै भारत निकासी हुने गर्छ । इलाममा वार्षिक तीन हजार पाँच सय मेट्रिक टन कुचो उत्पादन हुने गरेको तथ्याङ्क छ । कुचो उत्पादन हुने क्षेत्र थपिँदै गएकाले उत्पादनमा वृद्धि हुने व्यापारीको अनुमान छ ।

*-रासस*

# अलपत्र गणेशको मूर्ति व्यवस्थापनमा चासो

कृष्ण पोखरेल

**पाल्पा,** चैत १७/ ८ वर्षदेखि अलपत्र अवस्थामा रहेको गणेशको मूर्ति व्यवस्थापनमा चासो देखाइएको छ । तानसेन नगरपालिका-१० तेल्घामा राख्ने भनिएको मुर्ति लामो समयदेखि अलपत्रपरेपछि वडा कार्यालय तथा स्थानीयवासीले त्यसको व्यवस्थापनमा चासो देखाएका हुन् ।

काठमाडौंबाट निर्माण गरी ल्याएको उक्त मूर्ति काठमाडौं महानगरपालिकाका पूर्व मेयर केशव स्थापित सहित पाल्पाका केही गन्यमान्य व्यक्तिहरुको पहलमा तेल्घा गुफाचौरलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने गुरु योजना सहित ल्याइएको थियो । उक्त अभियानलाई अभियन्ताहरुले नै बिचमै छाडेपछी मूर्ति अलपत्र परेको हो । गुफाचौरमा राख्ने भव्य गणेश मुर्ति लामो समयसम्म टुँडिखेलमा अलपत्र परेको मूर्तिलाई ५ बर्ष अघि तेल्घा वडा कार्यालय क्षेत्रमा सारिएको थियो । तेल्घामा २०७५ फागुन १ देखी ११ गतेसम्म महायज्ञ गरी ३२ लाख सहयोग उठाईएको थियो । मूर्ति लैजान बाटो नभएको भन्दै पुन: मुर्ति वडा कार्यालय क्षेत्रमै राखियो । गुफाचौरमा राख्ने गणेशमुर्ती वडा कार्यालयमै अलपत्र परेपछी वडा अध्यक्ष हिमलाल पंगेनीसहितको जनप्रतिनिधी, राजनीतिक दल, तथा स्थानीयवासीले तानसेन नगरपालिकासंग सहयोग मागेका छन् । वडा नं १० तेल्घाले मूर्ति राख्ने मुख्य स्थल गुफाचौरमै पत्रकारसहित तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठलाई राखी चाडो भन्दा चाडो अलपत्र



अवस्थामा रहेको गणेश मूर्ति स्थानान्तरण गर्न अनुरोध गरेको छ । नगर प्रमुख श्रेष्ठले वडा कार्यालयबाट मूर्ति ल्यानका लागि बाटो घाटोको अध्ययन र राख्ने स्थानको प्राविधिक नापजाँचको लागि टोली खटाउने र आगामी वर्षको बजेटमा योजना समावेश गरी गणेश मुर्ति ल्याउने अभियानमा लाग्ने प्रतिवद्धता जनाए । गुफाचौर निकै राम्रो स्वर्ग जस्तो ठाउँ रहेछ, सम्मो डाँडा, चिसो हावापानी, रातै फुलेका गुराँशका फूलहरु, पाक्दै गरेको काफलका रुखहरुले आफुलाई लोभ्याएकाले यस क्षेत्रको पर्यटकीय पुर्वाधार विकासको लागि बहुबर्षिय बजेट राखेर काम गर्ने प्रतिवद्धता नगर प्रमुख श्रेष्ठले जनाए । विश्व बैंकको सहुलियत ऋण सहयोगमा डुम्रेदेखी गुफाचौरसम्मको ७ किलोमिटरबाटो पिच लगायत पुर्वाधारको लागि ५९ करोड स्विकृत भई टेण्डर प्रक्रियामा गएकाले अब १५ महिना भित्र दूई लेनको सडक पुर्वाधार निर्माण भई पिच हुने नगर प्रमुख श्रेष्ठले जानकारी दिए । गुफाचौरदेखी सेती पोखरीसम्मको सडक तानसेन नगरपालिकाले श्रोत जुटाउने काममा लागेको नगर प्रमुख श्रेष्ठको भनाई छ । कार्यक्रममा वडा अध्यक्ष हिमलाल पंगेनीले वडाको बजेटबाट मूर्ति ल्याउन नसकिने भएकाले नगरपालिकाको ध्यान खिच्न र गुफाचौरको महत्व, पर्यटकीयको महत्व बुझाउन, देखाउन पत्रकार सहितको वडामा क्रियाशिल सबै राजनीतिक दलहरुको सहभागितामा गुफाचौरमै कार्यक्रम गरिएको जानकारी दिए । कार्यक्रममा निवर्तमान वडा अध्यक्ष लोचन तिमिल्सीना, नेपाली काँग्रेसका शुरेस बोहोरा, नेकपा एमालेका बाबुराम रावल, राष्ट्रिय स्वतन्त्र पार्टीकी श्रीलक्ष्मी नेपाल लगायतले वडाको विकास निर्माण तथा गुफाचौरको समग्र विकासका लागि सबैपक्ष राजनीतिक पक्ष विपक्ष भन्दा माथी उठेर एकजुट भएर काम गरेमा आगामी वर्षमै मुर्ति तेल्घामा ल्याई, धार्मिक पुर्वाधारहरु विकास गर्न सकिनेमा जोड दिए । पत्रकार एवं स्थानीयवासी सन्तोष बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## जेसिजद्वारा...

...उनले समाजमा सचेतना फैलाउने र शान्त, सुरक्षित समाज निर्माण गर्नका लागि सबै तह र निकायको सहयोग आवश्यक रहेको धारणा व्यक्त गरे । प्रमुख चन्दले साइबर अपराध नियन्त्रणका लागि प्रहरी सक्रिय भएर लागे पनि प्रहरी एक्लैले मात्र सम्भव नरहेको र सबै पक्षको साथ, सहयोग आवश्यक रहेको उल्लेख गरे । स्कूल व्यवस्थापन समितिका अध्यक्ष केशव शर्माले विद्यालय र क्याम्पस तहमा यस्ता कार्यक्रमहरु चलाउन आवश्यक रहेको उल्लेख गर्दै आगामी दिनमा पनि सबै स्कूलहरुमा पुगेर कार्यक्रम सञ्चालन गर्न जेसिजलाई आग्रह गरे । कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले सूचना प्रविधिहरुको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरुका बारेमा विद्यार्थीहरुलाई जानकारी गराएका थिए । उनले नेपालमा साइबर अपराध समयस्या रहेको भन्दै यसबाट बच्न सबैभन्दा पहिले सर्भर सुरक्षामा ध्यान दिनुपर्ने बताए । साइबर अपराध अन्जानमा वा जानी जानी हुने गरेकाले कम्पयुटर चलाउँदा आफूलाई आवश्यक फाइल मात्रै खोल्ने र नजानेका फाइल, उपहार पाउने लगायतका फ्रड फाइलमा क्लिक खोल्ने काम नगर्न आग्रह गरे । उनले साइबर अपराधको घटना बढी सामाजिक सञ्जाल फेसबुकबाट, इमेल फ्रडबाट, लटरीको नाममा हुने गरेको बताए । जेसिजका जिल्ला अध्यक्ष अर्जुन कार्कीको अध्यक्षता, कार्यक्रम संयोजक जेसी विवेक काजी शाक्यको स्वागत, महासचिव जेसी विजय कार्कीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

## दोस्रो टी-२० अभ्यास खेलमा पनि नेपाल 'ए' पराजित



**काठमाडौं,** चैत १७/आयरल्याण्ड-उल्भ्ससँगको दोस्रो टी-२० अभ्यास खेलमा नेपाल 'ए' ४० रनले पराजित भएको छ । आयरल्याण्ड-उल्भ्सले दिएको दुई सय २५ रनको लक्ष्य पछ्याएको नेपाल १७ ओभर पाँच बलमा एक सय ८४ रन बनाउँदा अलआउट भयो ।

नेपाल 'ए' का देव खनालले ४७, विनोद भण्डारीले २६, लोकेश बमले २५ र बसिर अहमदले २७ रन बनाए पनि अरू ब्याटरले उल्लेख्य प्रदर्शन गर्न सकेनन् । पावरप्लेअघि ८७ रन बनाएर उत्कृष्ट सुरुवात गरेको नेपाल 'ए' का मध्यक्रम र पछिल्लो क्रमका ब्याटरको खेल कमजोर हुँदा नेपालले दोस्रो हार व्यहोर्नुपर्यो । यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको आयरल्यान्ड उल्भ्सले २० ओभरमा छ विकेट गुमाएर दुई सय २४ रन बनायो । आयरल्यान्ड-उल्भ्सका कप्तान निल रकले सबैभन्दा ७१ रन बनाए । नेपालका सागर ढकालले तीन, कमल सिंह ऐरी र पवन सर्राफले समान एक विकेट लिए । आयरल्यान्ड-उल्भ्सले नेपाल 'ए' सँगको तीन खेलको टी-२० शृङ्ख्ला एक खेल अगावै जितेको छ । हिजो भएको पहिलो खेलमा नेपालको 'ए' टोली २१ रनले पराजित भएको थियो । शृङखलाको तेस्रो तथा अन्तिम खेल सोमबार हुनेछ । टी-२० शृङ्ख्लापछि यी दुई टोलीले आउने बुधबारदेखि तीन खेलको एकदिवसीय शृङ्ख्ला खेल्नेछन् । यसअघि नेपाली राष्ट्रिय क्रिकेट टोली र आयरल्यान्ड-उल्भ्सबीचको दुई खेलको टी-२० क्रिकेट शृङ्ख्ला नेपालले २-० ले जितेको थियो ।

अर्थ/कर्पोरेट समाचार

## किसानलाई प्राविधिक ज्ञान सिकाइँदै



**तुलसीपुर (दाङ),** चैत १७/दाङको तुलसीपुर उपमहानगरपालिका-१२ का किसानलाई प्राविधिक ज्ञान दिन थालिएको छ । प्राविधिक ज्ञानबिना किसानले उत्पादन वृद्धि गर्न तथा विभिन्न समस्या आउँदा समाधान गर्न नसक्ने भन्दै वडाले उक्त ज्ञान प्रदान गर्न थालेको हो ।

शुक्रबारदेखि किसानलाई प्राविधिक तालिम दिन थालिएको वडाध्यक्ष खुसीराम चौधरीले बताए । 'समृद्धिको आधार नै कृषि हो, हामीले कृषकलाई प्रोत्साहन गर्नुपर्छ', उनले भने,'त्यसले हामीले किसानलाई प्राविधिक तालिम दिएर दक्ष बनाउन खोजिरहेका छौं ।' किसानको पहिचान गर्नका लागि पनि यो कार्यक्रमको आयोजना गरिएको वडाध्यक्ष चौधरीले बताए । वडामा किसानको सङ्ख्या यकिन भएपछि आगामी दिनमा कृषिसम्बन्धी योजना बनाउन सहज हुने उनको भनाइ छ । कृषि तथा पशुपालन पेसालाई आधुनिक तथा उत्पादनमुखी बनाउन आवश्यक रहेको भन्दै यस्तो कार्यक्रमलाई निरन्तरता दिनुपर्ने तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताए । वडाले किसानको सहजताका लागि तालिमको व्यवस्था गरेकाले त्यसबाट किसानले लाभ लिनुपर्नेमा उनले जोड दिए । किसानले उत्पादन गरेको वस्तुको प्रवर्द्धनका लागि तुलसीपुर-१२ मा हाटबजार सञ्चालनको तयारी रहेको प्रमुख खड्काको भनाइ छ । अहिलेको आवश्यकता भनेको अर्ग्यानिक उत्पादन रहेको बताए । 'हामीसँग प्रशस्त जमिन छ', उनले भने,'हामीले बाहिरबाट तरकारी आयात गर्नुपर्ने अवस्था छ, यसलाई अन्त्य गर्नुपर्छ ।' मौरीपालन, बाख्रापालन, बङ्गुरपालन, कुखुरापालन, तरकारीखेती गर्ने किसान, तरकारीको बेर्ना उत्पादन गर्ने किसानलाई उक्त तालिम प्रदान गर्न लागिएको हो । तालिमको प्रशिक्षकमा कृषि सेवा शाखा प्रमुख धनराज गौतम, कृषि अधिकृत शङ्खर न्यौपाने, पशु सेवा शाखाका अधिकृत नवराज रेग्मी रहेका छन् । तीन दिनसम्म सञ्चालन हुने तालिममा ५३ किसान सहभागी छन् । **-रासस**


## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सधैं लगआउट गरौ ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौ ।
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाउँ ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौ ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौ र रेकर्डको लागि सुरक्षित राखौ ।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौ ।

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८०/१२/१६

यस पाल्पा टेक्नीकल ईन्स्टिच्युट तानसेन-२, पाल्पाको लागी १ (एक) जना तपसिलमा उल्लेखीत कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक योग्य उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस ईन्स्टिच्युटमा आई दरखास्त दिनु हुन जानकारी गराइन्छ ।

**तपसिल :**

**पद** : कम्प्युटर अपरेटर, **संख्या** : १

**उमेर** : २५ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको, **दरखास्त दस्तुर** : रु ५००/-

**तलब** : ईन्स्टिच्युटको नियमानुसार

**परीक्षाको किसिम** : लिखित प्रयोगात्मक तथा अन्तरवार्ता

**दरखास्त बुझाउने मिति** : २०८० चैत्र २२ गतेसम्म

**न्युनतम शैक्षिक योग्यता** : १. व्यवस्थापन संकायबाट प्रमाण पत्र तह उत्तिर्ण ।
२. कम्प्युटरमा डिप्लोमा गरेको, Word, Excel र सफ्टवेर चलाउन सक्ने,
३. अंग्रेजी र नेपाली टाईपीङ्गमा दक्ष हुनुपर्ने । ४.लेखा सम्बन्धी काम जानेको ।
५.ड्राईभिङ्ग लाईसेन्स भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. निवेदन तथा वायोडाटा (Bio-Data) - १/१ प्रति
२. नेपाली नागरीकताको प्रतिलिपि -१ प्रति
३. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरु -१/१ प्रति
४. कम्प्युटर तालिम लिएको प्रमाण पत्रको प्रतिलिपिहरु -१/१ प्रति
५. अन्य अनुभव भए त्यसको प्रतिलिपिहरु -१/१ प्रति
६. परिक्षा मिति सम्पर्क मितिमा जानकारी गराईनेछ ।

**पाल्पा टेक्निकल ईन्स्टिच्युट**
तानसेन ०२, मेहलधारा पाल्पा
फोन नं. ०७५-५२०७१४

## वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि युनिक, काम पनि युनिक'

युनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## सूचना ! सूचना !! सूचना !!!

यस लक्ष्मी बचत तथा ऋण सहकारी संस्थाबाट कर्जा लिई कारोवार गर्नु हुने सम्पूर्ण ऋणीहरुले नियमित रुपमा बुझाउनु पर्ने साँवा र ब्याज संस्थामा बुझाउनु हुन अनुरोध गर्दछौं । यो सूचना प्राप्त भएको मितिले १५ दिन भित्र संस्थामा सम्पर्कको लागि अनुरोध गर्दछौं । अन्यथा सस्थाको नियमानुसार कानूनी कारवाही प्रक्रिया अगाडि बढाउने यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**श्री लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन-४, मखनटोल, पाल्पा (दरवार गेट अगाडि)
सम्पर्क नम्बर : ०७५-५२१६५९

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई